# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, असोज १७ गते २०५६ साल ( अतिरिक्ताङ्क २५ (ग)


## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २४ को उपदफा (३) को प्रयोजनको लागि झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६, मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ र रौतहट जिल्ला निर्वाचन क्षेत्र नं ४ मा हुने प्रतिनिधिसभाको सदस्यको उप-निर्वाचनको लागि सम्बत् २०५६ साल मंसीर २३ गते विहिबारका दिन विहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान हुने गरी मतदानको मिति र समय तोकेको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9006

# सूचना २

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २४ को उपदफा (३) को प्रयोजनको लागि देहायका निर्वाचन क्षेत्रहरूमा सम्बत् २०२६ साल कार्तिक ८ गतेबाट लागू हुने गरी देहायका न्यायाधीशहरूलाई मुख्य निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

| | |
|---|---|
| १. झापा जिल्ला निर्वाचन क्षेत्र नं. ६ – | झापा जिल्ला अदालतका न्यायाधीश श्री जनार्दनबहादुर खड्का |
| २. मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. १ – | मोरङ जिल्ला अदालतका न्यायाधीश श्री ओमप्रकाश मिश्र |
| २. रौतहट जिल्ला निर्वाचन क्षेत्र नं. ४ – | रौतहट जिल्ला अदालतका न्यायाधीश श्री ठाकुरप्रसाद शर्मा |

आज्ञाले
राममणि रिसाल
निर्वाचन आयोगको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।